नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Provincial and Local Governance Support Program (PLGSP)

**कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

## स्थानीय तहबाट सेवा प्रवाहको लागि खर्च आवश्यकताको अध्ययन

## (Study on expenditure need for service delivery from LGs)

### १. परिचय/ पृष्ठभूमी:

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो। यो कार्यक्रम संघ,प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) यसको अवधारणामा एक नितान्त नवीनतम कार्यक्रम हो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासनसम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ। यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको समायोजन गर्दछ।

सङ्घीय संरचनामा नागरिकहरूको नजिकमा रहेका प्रदेश र स्थानीय सरकारको भूमिका राजनीतिक, सामाजिक, आर्थिक तथा प्रशासकीय पद्दति विकासको हिसाबले महत्बपूर्ण रहेको छ। समृद्ध नेपालको अपेक्षा अनुसार नागरिकहरूलाई विकासको प्रतिफल छिटो छरितो, कार्यकुशल तथा दिगो बनाउनुपर्ने दायित्व पनि यी दुवै सरकारको काँधमाथि रहेको देखिन्छ। यस पृष्ठभूमिमा प्रदेश तथा स्थानीय सरकारलाई संविधान तथा क्षेत्रगत कानूनले तोकेको कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि प्रदेश तथा स्थानीय तहको कार्यक्षमता अभिवृद्धि गरी सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सघाउने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सञ्चालनमा आएको छ।

स्थानीय सरकारले नेपालको संविधानमा व्यवस्था भएको साझा अधिकार र एकल अधिकारका सूचीहरू तथा कार्यविस्तृतीकरणले निर्धारण गरेका विषयहरू कार्यान्वयन गरिरहेका छन्। नेपालको संविधानको अनुसूचि ८ र ९ ले स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यसूचि उल्लेख गरेको छ। यस संवैधानिक प्रावधान अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ३ मा गाउँपालिका तथा नगरपालिकाहरूले गर्नुपर्ने विस्तृत कार्य जिम्मेवारीहरू उल्लेख गरिएको छ साथै संविधानमा नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहलाई खर्च आवश्यक्ताको आधारमा वित्तिय समानीकरण र राजश्व बाँडफाँड गर्नुपर्ने हुन्छ।

खर्च आवश्यकताको विषय सिद्धान्ततः संविधान र यो अन्तरगत बनेका कानूनले प्रदेश तथा स्थानीय तहलाई सृजना गरेको खर्चको दायित्व र ती निकायहरूलाई प्रदान गरिएको राजश्व अधिकारबाट उठ्ने राजश्वबीचको अन्तरले उत्पन्न हुने ऊर्ध्वगामी वित्तीय अन्तर (Vertical Fiscal Gaps) को सम्बोधनसंग जोडिएको छ।

स्थानीय तहहरूको सेवा प्रवाहलाई अझ प्रभावकारी, समावेशी र जवाफदेही बनाउन आवश्यक खर्चको पहिचान जरूरी हुन्छ, सोको आधारमा बजेट तथा श्रोतको व्यवस्थापन (strategic allocation of resources), क्षमता विकासका योजनाहरू (capacity development plan) र  प्रभावकारी सेवा प्रवाह (effective service delivery) को व्यवस्थापन गर्न सकिने हुन्छ । खर्चको आवश्यकताको अध्ययनको आधारमा, ऋण,अनुदान तथा आन्तरिक श्रोतको परिचालनमा  प्रभावकारी व्यवस्थापन गर्न मदत पुग्छ । सम्बन्धित स्थानीय तहहरूबाट प्रवाह हुने सेवाको प्रकार, सेवा वितरणको क्षेत्र र भौगोलिक अवस्था तथा योजना तथा बजेट परिचालनको अवस्था र खर्च गर्ने क्षमताले खर्चको आवश्यकताको अध्ययनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

यसै सन्दर्भमा, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) बाट स्थानीय तहहरूको खर्चको आवश्यकताको अध्ययन गर्ने कार्यक्रम रहेको छ।

## २.उद्देश्य:

स्थानीय तहबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन र स्थानीय विकास निर्माणका कार्यहरूलाई प्राथमिकताका साथ सम्पन्न गरी स्थानीय जीवनस्तर उकास्न उचित खर्चको व्यवस्थापनको लागि खर्चको आवश्यकता अध्ययन गर्नु यसको उदेश्य रहेको छ।

यसको प्रमुख उदेश्यः स्थानीय तहबाट सेवा प्रवाहको लागि खर्च आवश्यकताको अध्ययन गर्ने।

## ३. औचित्य:

जनताको घर दैलोको सरकारको हैसियतले स्थानीय सरकारले जनताको आवश्यकता परिपूर्तिका लागि पर्याप्त श्रोत साधनको व्यवस्थापन र परिचालन गर्नु पर्ने हुन्छ भने, विनियोजित रकमको संचालन र व्यवस्थापन गर्दा मितव्ययी, पारदर्शी, वित्तीय उत्तरदायित्व र मूल्यको सार्थकता (value for money) प्राप्त हुने गरी खर्च गर्नु पर्दछ।

यस सन्दर्भमा, बजेट तथा श्रोतको व्यवस्थापन (strategic allocation of resources), क्षमता विकासका योजनाहरू (capacity development plan) र प्रभावकारी सेवा प्रवाह (effective service delivery) को व्यवस्थापनको लागि तथा स्थानीय तहहरूको खर्चको आवश्यकताको अध्ययनले बजेटको विनियोजन, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तथा निर्णय प्रक्रियामा सघाउ पुर्याउने हुँदा स्थानीय तहको खर्चको आवश्यकताको अध्ययन जरूरी देखिन्छ।

खर्चको आवश्यकता अध्ययनले स्थानीय तहलाई उपलब्ध गराउने अनुदानको सीमा र क्षेत्र निर्धारण गर्न सहयोग हुने र यसले न्यूनतम राष्ट्रिय मापदण्डको स्थानीय सेवा प्रवाहमा समेत सहयोग गर्नेछ।

## ४. परामर्शदाताले गर्नुपर्ने क्रियाकलापहरू:

- खर्च आवश्यकताको सिद्दान्तको सम्बन्धममा राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन,
- खर्च आवश्यकताको सम्बन्धममा दस्तावेजहरुको अध्ययन,
- सरोकारवाला निकायहरूका पदाधिकारीसँग छलफलगरी खर्च आवश्यकताको सम्बन्धमा समस्या तथा सुझावहरू संकलन,
- स्थानीय तहको खर्च आवश्यकता अध्ययनको लागि आवश्यक आधारहरूको पहिचान ,

- स्थानीय तहको कार्यक्षेत्रको विस्तृतीकरण प्रतिवेदन सम्बन्धी अध्ययन गर्ने,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ को अध्ययन गर्ने,
- स्थानीय तहलाई संविधानबाट प्रदत्त एकल र साझा अधिकार को अध्ययन गर्ने,
- नेपाल सरकार बाट स्विकृत कार्य विस्तृतिकरण प्रतिवेदनको आधारमा स्थानीय तहको कार्य क्षेत्रहरूको विवरण तयार गर्ने,
- उपरोक्त सूचीको आधारमा स्थानीय तहको कार्यक्षेत्रको विस्तृतीकरण गर्ने,
- शहरी विकास मापदण्ड, आवधिक योजना, दिगो विकासका लक्ष तथा अन्य विषयगत मापदण्डका आधारमा स्थानिय तहहरूको कार्यक्षेत्रको राष्ट्रीय मापदण्डको सूची तयार पार्ने । (राष्ट्रीय मापदण्ड उपलब्ध नभएको अवस्थामा अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यासको आधारमा यसको प्रक्षेपण गर्ने) ।
- स्थानीय तहको कार्यक्षेत्रमा परेका विषयवस्तुका लागि मूल्य सूचकांकका आधारमा Cost factor निकाल्ने ।
- आवधिक योजनाको आधारमा स्थानीय सेवाको लक्ष निर्धारण गर्ने,
- स्थानीय तहको  न्यूनतम प्रशासनिक खर्चको  प्रक्षेपण गर्ने,
- स्थानीय तहले प्रदान गर्ने न्यूनतम सेवाको लागत प्रक्षेपण गर्ने,
- स्थानिय तहले प्रवाह गर्ने बिकास खर्चको प्रक्षेपण गर्ने,
- स्थानिय तहले परिचालन गर्ने आन्तरिक आयको प्रक्षेपण गर्ने ।
- तयार गरिएको स्थानीय तहको खर्च आवश्यकताको अध्ययन दस्तावेज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्तुती गर्ने ।

**५. समय सीमा र उपलब्धि:**

यस कामको लागि देहाय बमोजिम निर्धारीत कार्यतालिका अनुसार ३ महिनाको अवधिमा कार्यसम्पादन गर्नुपर्नेछ । यो कार्यको लागि ६० (साठी) कार्यदिन तोकिएको छ । स्थानीयतहले सार्वजनिक सेवा प्रवाहमा गरेको खर्चको आधारमा स्थानीय तहसंग छलफल गरी प्राप्त सुझाव समेत समावेस गर्नु पर्नेछ ।

| सि.नं. | कार्यविवरण | समयसीमा | जिम्मेवारी | उपलब्धि |
|---|---|---|---|---|
| १ | परामर्शदाताबाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | सम्झौता भएको पहिलो हप्ता | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने। |
| २ | परामर्शदाताबाट अध्ययनको संरचना र खाका तयार गरी पेश गर्ने | सम्झौता भएको दोश्रो हप्ता | परामर्शदाता, | अध्ययनको संरचना र खाका प्राप्त हुने |
| ३ | स्थानीय तह र सरोकारवालाहरुको पृष्ठपोषण र सुझाव प्राप्त गर्ने | सम्झौता भएको तेश्रौ हप्ता भित्र | परामर्शदाता, | स्थानीय तहको पृष्ठपोषण र सुझाव प्राप्त हुने । |
| ४ | अध्ययनको प्रारम्भिक मस्यौदा पेश गर्ने र सरोकारवालालाई पृष्ठपोषणको लागि मस्यौदा पठाउने | स्थानीय तह र सरोकारवालाहरुको पुर्व पृष्ठपोषण समेतको आधारमा सम्झौता भएको छैठौं | परामर्शदाता, PCU | प्रारम्भिक मस्यौदा पेश भएको हुने र सरोकारवालाबाट समेत पृष्ठपोषण प्राप्त भएको हुने |

| | | | | |
|---|---|---|---|---|
| | | हप्ता भित्र प्रारम्भिक मस्यौदा पेश गर्ने | | |
| ५ | मन्त्रालयको प्राविधिक समितिमा छलफल | सम्झौता भएको सातौ हप्ता भित्र | परामर्शदाता, PCU | पृष्ठपोषण प्राप्त भएको हुने |
| ६ | परामर्शदाताबाट मसौदाको परिमार्जन गरी अन्तिम प्रतिवेदन तयारी र अन्तिम मस्यौदा प्राप्ती। | सरोकारवालाबाट समेत पृष्ठपोषण प्राप्त भएको तीन हप्ता भित्र । | परामर्शदाता, PCU | सार्वजनिक खरिदको श्रोत पुस्तिका अन्तिम मस्यौदा। |

नोटः

- पृष्ठपोषणको लागि प्राप्त सुझाव तथा पृष्ठपोषण परामर्शदाताले समावेश गर्नु पर्नेछ।
- प्रतिवेदनको ढाँचा परामर्शदातासँग छलफल गरी स्थानीय तथा प्रदेश सहयोग कार्यक्रमको PCU ले उपलब्ध गराउने वा स्वीकृत गर्नुपर्नेछ।

**६. परामर्शदाताको योग्यता र अनुभव**

इच्छुक फर्ममा न्यूनतम देहायको योग्यता भएको जनशक्ति निम्न अनुसार हुनुपर्नेछः

| परामर्शदाताको टोली | योग्यता |
|---|---|
| क) टोली नेता/प्रशासनविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको,<br>• स्थानिय तहको व्यवस्थापकिय सम्बन्धी कार्यमा कम्तिमा ७ बर्ष अनुभव प्राप्त भएको। |
| ख) वित्त व्यवस्थापन विज्ञ | • मान्यता प्राप्त विश्वविद्यालयबाट सार्वजनिक वित्त व्यवस्थापन, अर्थशास्त्रमा, व्यवस्थापनमा स्नातकोत्तर भएको।<br>• सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव भएको।<br>• प्रतिवेदनहरु अध्ययन तथा लेखन सीप भएको। |
| ग) तथ्याङ्कविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट तथ्याङ्क शास्त्रमा स्नातकोत्तर भएको।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी कार्यमा कम्तिमा ५ बर्ष अनुभव रहेको।<br>• तथ्याङ्क विश्लेषण सम्बन्धी Software सञ्चालनको ज्ञान भएको। |
| घ) सहायक | • मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा + 2 उत्तीर्ण भएको।<br>• कम्प्युटरको आधारभूत सीप भएको। |

फर्मको हकमा देहायअनुसार हुनुपर्नेछः

- नियमानुसार दर्ता नवीकरण भएको।
- आ.ब. २०७७/७८ सम्मको कर चुक्ता गरेको।

- सम्बन्धित क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको ।

**७. अपेक्षित प्रतिफल:**

स्थानीय तहको खर्च आवश्यकताको अध्ययन प्रतिवेदनको मस्यौदाको मुद्रित प्रति र सफ्ट कपी पनि पेश गर्नु पर्नेछ । सो को छपाई कार्य कार्यालयले नै गर्नेछ ।

**८. अपेक्षित उपलब्धी:**

क) स्थानीय तहको कार्यक्षेत्रको विस्तृत सूची तयार भएको हुने,
ख) स्थानीय तहको कार्यक्षेत्रको राष्ट्रिय मापदण्डको सूची तयार हुने,
ग) स्थानीय तहको कार्यक्षेत्रको राष्ट्रिय लक्षको सूची तयार भएको हुने,
घ) स्थानीय तहको कार्यक्षेत्रको लागत निर्धारण गर्न सेवा प्रवाह र विकासको मूल्य समायोजन गर्न पहुँच तथा वस्तु तथा सेवाको आधारमा Regional cost factor तयार भएको हुने,
ङ) उपर्युक्त विश्लेषणको आधारमा स्थानीय तहको न्यूनतम प्रशासनिक खर्च, सेवा लागत खर्च र विकास खर्चको प्रक्षेपण भएको हुने, (अनुसूची -१)

**९. अध्ययन प्रतिवेदनको भाषा**:

स्थानीय तहको खर्च आवश्यकताको अध्ययन प्रतिवेदन युनिकोड फण्टमा नेपाली भाषामा हुनेछ ।

**१०. भुक्तानी व्यवस्था**:

प्रस्तुत कामको लागि भुक्तानी व्यवस्था कार्यसम्पन्न भएको आधारमा गरिनेछ । तपसिल बमोजिमको किस्तामा रकम भुक्तानी हुनेछः

- अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिवेदन पेश भएपछि सम्झौता रकमको ४० प्रतिशत रकम भुक्तानी हुनेछ ।
- सुझाव वा पृष्ठपोषण समेत समावेश गरी पेश भएको अन्तिम मस्यौदा कार्यालयले स्वीकार गरेपछि सम्झौता रकमको ६० प्रतिशत रकम भुक्तानी गर्नेछ । भुक्तानी रकममा नियमानुसार आयकर रकम कट्टा गरिनेछ ।

**११. प्राविधिक समिति:**

अध्ययन कार्यको प्राविधिक सहजिकरणको लागि देहायबमोजिमको समिति रहने छ । स्थानीय तह क्षमता विकासका शाखाले यसको सचिवालयको काम गर्नेछ र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ :

क) संयोजक: महाशाखा प्रमुख, स्थानीय तह क्षमता विकास शाखा
ख) सदस्य: शाखा प्रमुख श्रोत परिचालन शाखा
ग) सदस्य: कार्यक्रम समन्वय इकाई
घ) सदस्य: प्रतिनिधि, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
ङ) सदस्य: प्रतिनिधि, स्थानीय विकासका प्रशिक्षण प्रतिष्ठान

**१२. प्रस्ताव मूल्याङकनका आधारहरु:**

परामर्शदाता फर्मबाट प्राप्त प्रस्तावहरू गुणस्तर तथा लागत विधिबाट मूल्याङ्कन हुनेछ । गुणस्तरको ७० प्रतिशत र लागतको ३० प्रतिशत अङ्क भार कायम गरिएको छ । प्राविधिक प्रस्ताव देहायका आधारमा मूल्याङ्कन हुनेछ :

| सि. नं. | विषय | पूर्णाङ्क |
|---|---|---|

| | | |
|---|---|---|
| १. | संस्थाको नवीकरण तथा अनुभव सम्बन्धी विवरण | १० |
| २. | प्रस्तावको गुणस्तर (Proposed Methodology, Approach and Documentation) | ३० |
| ३. | प्रस्ताव गरिएको विज्ञहरुको योग्यता र अनुभव | |
| ३.१ | टोली नेता/प्रशासनविद् | २५ |
| ३.२ | सार्वजनिक वित्त व्यवस्थापन विज्ञ | २० |
| ३.३ | तथ्याङ्कविद् | १० |
| ३.४ | सहायक | ५ |

## १२. बजेट/लागत अनुमान

प्रशिक्षण केन्द्रहरूले सञ्चालन गरेका तालिमहरूको प्रभाव मूल्याङ्कन गर्ने कार्यको लागि परामर्शदाताको सेवा खरिद गर्न देहाय अनुसार रू. ९,८०,९६२।६० लागत अनुमान रहेको छ।

अनुसूची १

खर्च क्षेत्रहरू

१. न्युनतम प्रशासनिक खर्च
    १. स्थानीय तहको कर्मचारीको तलव भत्ता
    २. स्थानीय तहका पदाधिकारीको प्रदेश कानून बमोजिमको खर्च
    ३. स्थानीय तहको अन्य न्यूनतम प्रशासनिक खर्च

२. स्थानीय सेवाको न्युनतम लागत ( प्रति व्यक्ति वा क्षेत्रफल वा अन्य आधारमा)
    १. आधारभुत स्वास्थ्य र सरसफाई
    २. आधारभुत र माध्यमिक शिक्षा
    ३. फोहरमैला तथा सरसफाई
    ४. कृषि तथा पशुपालन, कृषि उत्पादन, पशु स्वास्थ्य, सहकारी
    ५. अग्नी नियन्त्रण
    ६. खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा
    ७. सिचाई
    ८. नगर प्रहरी

३. स्थानिय विकास तथा पूर्वाधार खर्च
    १. स्थानीय सडक, कृषि सडक र सिंचाई
    २. हरियाली पार्क तथा उध्यानहरू
    ३. सडक बत्ती
    ४. बस्ति विकास तथा सुधार
    ५. औधोगिकरण
    ६. भू- संरक्षण
    ७. वातावरण मैत्री स्थानीय शासन

४. स्थानीय आर्थिक विकास
    १. सामाजिक सुरक्षा तथा गरिवी निवारण
    २. सीप विकास
    ३. आयमूलक कार्यहरू
    ४. स्थानीय बजार व्यवस्थापन,वातावरण तथा जैविद विविधता

***